नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राष्ट्रिय तथ्याङ्क कार्यालय

## राष्ट्रिय आर्थिक गणना, २०८२ मा सहभागी बनौं

## अनुरोध पत्र

आदरणीय उद्यमी, व्यवसायी महानुभावहरू,

नेपाल सरकार राष्ट्रिय तथ्याङ्क कार्यालयले देशभरका सम्पूर्ण आर्थिक एकाइहरूको वास्तविक अवस्था थाहा पाउन **"अर्थतन्त्र मापनको लागि आर्थिक गणना"** भन्ने नारासहित **"राष्ट्रिय आर्थिक गणना, २०८२"** सञ्चालन गर्दैछ। तपाईंले दिनुभएको आफ्नो प्रतिष्ठान/व्यवसायको एउटा सानो जानकारीले देशको आर्थिक नीति निर्माणमा ठूलो सहयोग पुऱ्याउनेछ। दर्ता भएका वा नभएका, स्थायी वा अस्थायी सबै प्रकारका आर्थिक गतिविधि गर्ने प्रतिष्ठान/ व्यवसायले यो गणनामा भाग लिई सही र पूर्ण विवरण उपलब्ध गराई सहयोग गरिदिनुहुन राष्ट्रिय तथ्याङ्क कार्यालय हार्दिक अनुरोध गर्दछ।

**गणना हुने स्थान:** देशभरका सबै वडा/स्थानीय तह/जिल्ला/प्रदेश
**तथ्याङ्क सङ्कलन अवधि:** वि.सं. २०८३ वैशाख २ गते देखि २०८३ असार ७ गते सम्म

**विवरण सङ्कलन गरिने प्रतिष्ठान/व्यवसाय:** औपचारिक तथा अनौपचारिक आर्थिक क्रियाकलाप सञ्चालन गर्ने प्रतिष्ठान/व्यवसाय जस्तै: कृषि, वन तथा माछापालन (दर्ता भएका मात्र); खानी तथा उत्खनन; औद्योगिक उत्पादन; विद्युत, ग्याँस, वाफ तथा वातानुकूलित सेवा; पानीको आपूर्ति, ढलनिकास, फोहर व्यवस्थापन; निर्माण; थोक एवं खुद्रा व्यापार, मोटरगाडी तथा मोटरसाइकलको मर्मत सम्भार; यातायात तथा भण्डारण; आवास तथा भोजन सेवा; सूचना तथा सञ्चार; वित्तीय तथा बीमा; घरजग्गा कारोबार; पेशागत, वैज्ञानिक तथा प्राविधिक; प्रशासनिक तथा सहयोगी सेवा; शिक्षा; मानव स्वास्थ्य तथा सामाजिक कार्य; कला, मनोरञ्जन तथा मनोविनोद र अन्य सेवा प्रदान गर्ने सम्बन्धी क्रियाकलापहरू गणनामा समावेश गरिन्छ।

**आर्थिक गणना किन गर्ने?**

- **आर्थिक तथ्याङ्क उत्पादन:** सबै प्रकारका प्रतिष्ठान/व्यवसायको आधारभूत आर्थिक तथ्याङ्क सङ्कलन र उत्पादन गर्न;
- **नीति निर्माण:** उद्योग र व्यवसाय मैत्री सरकारी नीति योजनाहरू बनाउन;
- **विकासको आधार:** राष्ट्रिय र स्थानीयस्तरमा आर्थिक सम्भाव्यता पहिचान गर्न;
- **अर्थतन्त्रको आकार:** अर्थतन्त्रको आकारलाई सुदृढ गरी थप विश्वसनीय बनाउन;
- **कुल गार्हस्थ्य उत्पादन:** देशको कुल गार्हस्थ्य उत्पादनमा विभिन्न आर्थिक क्षेत्रको योगदान पत्ता लगाउन;
- **रोजगारी:** रोजगारीको अवस्था चित्रण गर्न;
- **लगानी प्रवर्द्धन:** लगानीकर्ताका लागि सही तथ्याङ्क उपलब्ध गराउन।

**तथ्याङ्क ऐन, २०७९, अनुसार तपाईंले टिपाएको प्रतिष्ठान/व्यवसायको विवरण गोप्य रहनेछ; केवल तथ्याङ्कीय प्रयोजनको लागि सामूहिक रुपमा मात्र प्रयोग गरिनेछ।**

थप जानकारीका लागि
राष्ट्रिय तथ्याङ्क कार्यालय
थापाथली, काठमाडौं
टोल फ्री नं.: ११२८
इमेल: ecocen@nsonepal.gov.np